

# राष्ट्रिय बाँस तथा बेत विकास रणनीति, २०८१

नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

# राष्ट्रिय बाँस तथा बेत विकास रणनीति, २०८१

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

**प्रकाशकः**
नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं
www.frtc.gov.np

**आवरण पृष्ठः** मालबाँस (*Bambusa teres*) (फोटो सौजन्यः राजेश तामाङ)
**अन्तिम पृष्ठः** फिलिङ बाँस (*Melocanna baccifera*)
चिगार (*Thamnocalamus chigar*) (Endemic)
(फोटो सौजन्यः राजेश तामाङ)

**स्वीकृत मितिः** वि.सं. २०८१/११/११ (नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, माननीय मन्त्रीस्तरको निर्णय)

**प्रकाशित प्रतिः** ५०० प्रति

**मुद्रणः**
एम.एस. अफसेट प्रेस
काठमाडौं
फोनः ५९०४३८८

# विषय सूची

१. पृष्ठभूमि....................१
२. विगतमा भएका प्रयासहरु....................३
३. समस्या तथा चुनौती....................४
४. रणनीतिको आवश्यकता....................५
५. दूरदृष्टि....................५
६. लक्ष्य तथा उद्देश्यहरु....................६
७. रणनीति, कार्यनीति र कार्यक्रमहरु....................६
८. संस्थागत संरचना....................१८
९. आर्थिक पक्ष तथा वित्तीय व्यवस्थापन....................२०
१०. कानूनी व्यवस्था....................२०
११. अनुगमन तथा मूल्याङ्कन....................२१
१२. जोखिम....................२१
१३. रणनीति परिमार्जन....................२१
१४. कार्यान्वयन कार्ययोजना....................२२

# राष्ट्रिय बाँस तथा बेत विकास रणनीति, २०८१

## १. पृष्ठभूमि

परापूर्वकालदेखि नै नेपाली समुदायमा बाँस तथा बेतको महत्वपूर्ण भूमिका रहँदै आएको छ। मुख्यरुपले बाँसलाई घरगोठ तथा संरचना निर्माण, घरेलु उपयोगका सामग्री निर्माण, हस्तकला सामग्री तथा फर्निचर निर्माण, खाद्य सामाग्री, ब्यापारिक प्रयोजन, पशु आहारा, धार्मिक तथा साँस्कृतिक कार्य साथै भू-क्षय तथा बाढी, पहिरो नियन्त्रणमा विशेष गरी खेती आवादी जग्गा र खोलानालाको छेउछाउ, खाली तथा पर्ती जग्गा, भिरालो एवं भू-क्षयग्रस्त क्षेत्रको साथै वनजङ्गलमा लगाउने तथा प्राकृतिक रुपमा वनक्षेत्रमा रहेका बाँस तथा बेतलाई संरक्षण तथा व्यवस्थापन गर्दै आएको पाइन्छ। नेपालमा बाँस तथा बेत ग्रामीण कृषक तथा विपन्न समुदायको आयआर्जनको महत्वपूर्ण स्रोतका रुपमा रहेको मात्र नभई साना तथा मझौला उद्योगहरुको लागि कच्चापदार्थका रुपमा रहिआएको छ। बाँस तथा बेतबाट प्राप्त हुने प्रत्यक्ष लाभको अतिरिक्त भू-क्षय तथा बाढी पहिरो नियन्त्रण, कार्बन संचयीकरणका साथै विभिन्न वन्यजन्तुका लागि प्रमुख वासस्थानका रुपमा पारिस्थितिकीय प्रणालीको सन्तुलन र जलवायु अनुकूलनमा समेत यसको विशेष भूमिका रहेको छ। विभिन्न प्राकृतिक प्रकोपका कारण विस्थापित भएका मानव समुदायको पुर्नस्थापना र राहत कार्यमा यसले प्रत्यक्ष र प्रभावकारी भूमिका निर्वाह गरेको पाइन्छ। समग्रमा मानिसको जन्मदेखि मरणसम्म बाँस तथा बेतको विभिन्न रुपमा प्रयोग भैरहेको छ।

नेपालमा बाँस प्राकृतिक वन क्षेत्रका साथै निजी आवादी एवं ऐलानीपर्ती जस्ता सार्वजनिक जग्गामा समेत पाइन्छ भने बेत मुख्यतः प्राकृतिक वनक्षेत्रहरुमा पाइन्छ। नेपालमा १२ जाति अन्तर्गत ५३ भन्दा बढी प्रजातिका बाँसमध्ये सात प्रजातिका बाँस संसारमा कतै नपाइने रैथाने (इन्डेमिक) प्रजातिको पाइन्छ। त्यसैगरी नेपालमा दुई जाति अन्तर्गत १० प्रजातिका बेतहरु पाइन्छ। नेपालको सबै प्रदेश तथा भौगोलिक क्षेत्रहरुमा विभिन्न किसिमका बाँसहरु पाइन्छन्। बाँस

तराईको समथर क्षेत्रदेखि उच्च पहाडी क्षेत्रको करिब चार हजार मिटर उचाईको भू-भागसम्म पाइन्छ भने बेत तराईको समथर क्षेत्रदेखि मध्य-पहाडी क्षेत्रको करिब दुई हजार मिटर उचाईको भू-भागसम्म पाइन्छ। नेपालमा पाइने बेतमध्ये पानीबेत सबैभन्दा बढी पाइन्छ। देश भित्र पाउने विभिन्न बाँस तथा बेत प्रजाति र यसको मौजुदा स्थितिको बारेमा विस्तृत अध्ययन, अनुसन्धान र सर्वेक्षण हुन सकेको छैन। विस्तृत अध्ययनको अभावमा हाल नेपालमा बाँस तथा बेतका प्रजातिको यथार्थ मौजुदा स्थितिबारे बिस्तृत आङ्कलन र अभिलेखीकरण हुन नसकेको अवस्था छ।

बाँसबाट निर्मित हस्तकला, फर्निचर र घरायसी सामग्रीहरुको माग स्वदेशका साथै विदेशमा समेत बढिरहेको भए तापनि पर्याप्त ज्ञान र सीपको कमी, व्यावसायिक खेती प्रणाली, उच्च प्रविधि, लगानी, उद्यमशीलता, उद्योग र बजारको अभावमा उल्लेखनीय फाइदा लिन सकिएको छैन। नेपालको भूकम्प पछाडिको पुननिर्माण र पुर्नस्थापनाका साथै पहिरोग्रस्त स्थान मर्मत र उत्थानका लागि बाँसलाई अभियानका रुपमा प्रयोग गर्न सकिने देखिन्छ। चुरेको संरक्षण र विकासका लागि विगत केही वर्षदेखि बाँसको रोपण तथा विस्तार कार्य हुँदै आइरहेको छ। यहाँ खपत हुने बाँसका कच्चा सामग्रीका लागि नेपाल आत्मनिर्भर रहेको तर बेतका लागि भारत तथा बंगलादेशबाट आयात गर्ने गरेको पाइन्छ। बाँसका सामग्री आयात र निर्यातमा नेपालले निर्यातको तुलनामा आयात बढी गर्ने गरेकोले व्यापार घाटा बेहोर्नु परिरहेको पाइन्छ।

रुख प्रजातिको दाँजोमा बाँस अति छिटो बढ्ने, सजिलै व्यवस्थापन गर्न सकिने, व्यवस्थित तवरले काट्दा नमासिने, रोपेको केही वर्षदेखि नै उत्पादन दिने र सामान्य लगानीमा पनि बाँसको उद्यम विकास गर्न सकिने भएकोले यसको महत्व अत्याधिक रहेको छ। यसरी बाँस तथा बेत स्रोतलाई एक महत्वपूर्ण गैह्रकाष्ठ वन पैदावारको रुपमा संरक्षण, व्यवस्थापन र दिगो प्रयोग गरी प्राकृतिक वातावरणको संरक्षण गर्नुका साथै स्थानीय रोजगारीको सिर्जना, जलवायु अनुकूलित हरित राष्ट्रिय अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउन यस रणनीति तर्जुमा गरिएको छ।

## २. विगतमा भएका प्रयासहरु

विगतमा वन विकास गुरुयोजना, २०४५ ले बाँस तथा बेतलाई प्रमुख गैरकाष्ठ प्रजातिको रुपमा लिई व्यवस्थापन गर्नुपर्ने कुरा सुझाएको थियो। नेपाल वातावरण नीति तथा कार्ययोजना, २०५०; नेपालको जैविक विविधता रणनीति तथा कार्ययोजना, २०७१ - २०८०; जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१; वन क्षेत्रको रणनीति, २०७२ तथा राष्ट्रिय वन नीति, २०७५ मा गैरकाष्ठ वन पैदावारको संरक्षण, व्यवस्थापन, उपयोग तथा व्यवसायीकरण सम्बन्धमा केही प्रावधानहरु उल्लेख गरिएको पाइन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९; भू तथा जलाधार संरक्षण ऐन, २०३९; वातावरण संरक्षण ऐन, २०७६ एवं वन ऐन, २०७६ र यी ऐनसँग सम्बन्धित विभिन्न नियमावलीमा पनि प्रत्यक्षरुपमा बाँस तथा बेत प्रवर्द्धन तथा विकासका सम्बन्धमा विशेष उल्लेख भएको छैन। चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ ले चुरे तथा तराई मधेश क्षेत्रमा भू-संरक्षण र आयआर्जनका लागि बाँस तथा बेतलाई महत्वपूर्ण प्रजातिको रुपमा पहिचान गरेको छ।

विगतमा बाँसको नर्सरी सञ्चालन गर्ने, विरुवा उत्पादन तथा वृक्षारोपण गर्ने कार्य नियमित रुपमा हुने गरेको पाइन्छ। बाँसलाई वन्यजन्तुको बासस्थानको रुपमा संरक्षण गर्ने गरिएको पनि छ। बाँस तथा बेतको नर्सरी तथा बाँस रोपण प्रविधि र व्यवस्थापन सम्बन्धमा अध्ययन, अनुसन्धान समेत हुँदै आएको छ। यसै क्रममा बेम्बुसेटम स्थापना गर्ने, स्थानीय तथा बाह्य प्रजातिको संरक्षण र विकास गर्ने, नेपाली तथा विदेशी बाँस तथा बेतको प्रदर्शनी स्थल स्थापना गर्ने तथा क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन हुँदै आइरहेका छन्। बाँस तथा बेतको लागि अन्तर्राष्ट्रिय संगठन (इन्बार) को सदस्यको रुपमा नेपाल वि.सं. २०५४ देखि निरन्तर क्रियाशिल रहेको छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले नेपालमा बाँस तथा बेत क्षेत्रको समग्र विकासका लागि फोकल एजेन्सीको रुपमा विभिन्न कार्यक्रम सञ्चालन गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग समन्वय तथा सहकार्य गर्दै आएको छ।

## ३. समस्या तथा चुनौती

बढ्दो जनसंख्या, वन विनाश तथा क्षयीकरण, अतिक्रमण, बाँस तथा बेत स्रोतको अध्ययन तथा अनुसन्धानको कमी, व्यावसायिक उत्पादन हुन नसक्नु, उद्योगधन्दा स्थापना हुन नसक्नु, उत्पादित सामग्रीहरुको गुणस्तर राम्रो नहुनु, लागत अत्याधिक महँगो हुनु, उपयुक्त र उच्च प्रविधिको कमी, दक्ष जनशक्तिको अभावका साथै दिगो व्यवस्थापनको अभावमा बाँस तथा बेत स्रोतको विकास चुनौतीपूर्ण छ । जनचेतनाको कमी, सरकारी, गैरसरकारी तथा निजी उद्यमीबाट यस क्षेत्रको विकास र विस्तारमा उल्लेखनीय लगानी भित्रिन नसक्नु जस्ता कारणले प्रचुर सम्भावना हुँदाहुँदै पनि बाँस तथा बेतको विकास र विस्तारमा खासै उपलब्धि प्राप्त हुन सकेको छैन । उपयुक्त प्रविधि र पर्याप्त लगानीको अभावमा यसलाई विभिन्न सामग्री उत्पादन गरी निकासी प्रवर्द्धन गर्न सकिएको छैन । बाँस तथा बेतको प्रशोधन गरी रोजगारी सिर्जना, स्थानीय समुदायको आय र राजश्व बृद्धि गर्ने अवसर भए तापनि मूलतः यसको कच्चापदार्थकै रुपमा निकासी भएको पाइन्छ । बाँस र बेतजन्य सामग्रीहरुको आयात बढ्दो क्रममा रहेको छ । वर्षेनी वन डढेलो, खुल्ला चरिचरण तथा चोरी कटानीले यस स्रोतको संरक्षण र व्यवस्थापनमा चुनौती सिर्जना भएको छ । विस्तृत अध्ययन र अनुसन्धानको अभावमा यसको बैज्ञानिक व्यवस्थापन हुन सकिरहेको छैन ।

बाँस तथा बेत प्रजाति विशेषको समग्र संरक्षण, विकास तथा दिगो व्यवस्थापनका लागि स्पष्ट र विस्तृत रुपमा नीतिगत, कार्यक्रम तथा व्यवस्थापन योजना तयार गरी लागु गर्न सकिएको छैन । यसका लागि बाँस तथा बेत स्रोतको विकास, दिगो व्यवस्थापन, स्थानीय तथा राष्ट्रिय उद्यम विकास, उत्पादित वस्तुको गुणस्तरमा वृद्धि एवं बजार सुनिश्चित गरी स्थानीय समुदायको आयआर्जन तथा रोजगारी वृद्धि गर्नुका साथै समग्र राष्ट्रको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउनु यस क्षेत्रको मुख्य चुनौती रहेका छन् ।

## ४. रणनीतिको आवश्यकता

बाँस तथा बेतको वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, विस्तार एवं सदुपयोग गर्न आवश्यक प्रविधिको यथेष्ठ ज्ञान नहुनु, यस क्षेत्रमा काम गर्ने निजी, सरकारी तथा गैरसरकारी संस्थाले अनुसन्धान र विकासलाई प्राथमिकता नदिनु, पूँजी र उचित बजार विकासको अभावमा साना तथा ठूला उद्यमी प्रोत्साहित नहुनु र व्यवसायीकरण तथा प्रशोधनमा उपयुक्त प्रविधि र दक्ष प्राविधिकको अभावले गर्दा बाँस तथा बेत क्षेत्र यसका प्रचुर सम्भावनाको वावजुद पछाडि परेको पाइन्छ। बाँस तथा बेतको उत्पादन, प्रशोधन, मूल्य श्रृंखला प्रवर्द्धन एवं बजार व्यवस्थापनमा समाजको विपन्न, महिला र पिछडिएका वर्गको पहुँच बढाई समग्र रुपमा गरिबी न्यूनीकरणमा वाञ्छित योगदान पुऱ्याउने वातावरण तयार गर्न आवश्यक छ। वातावरण विनाश र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग पुऱ्याउने, उद्यमशीलता तथा व्यावसायिकता हासिल गर्न जरुरी भएको छ। यसरी बाँस तथा बेत संरक्षण, व्यवस्थापन एवं सदुपयोगको माध्यमबाट देशको वातावरणीय सन्तुलन कायम राख्न तथा आर्थिक विकासमा योगदान पुऱ्याउने कार्यलाई स्पष्ट दिशा निर्देश गर्न बाँस तथा बेत विकास रणनीतिको आवश्यकता महसुस गरिएको छ। विभिन्न निकायहरुबाट सञ्चालन हुने बाँस तथा बेत विकास सम्बन्धी योजना, कार्यक्रम तथा आयोजना तर्जुमा र कार्यान्वयनको लागि दिशानिर्देश गर्ने दस्तावेजको रुपमा यो रणनीति तयार गरिएको हो।

## ५. दूरदृष्टि

यो रणनीतिको दूरदृष्टि "बाँस तथा बेतको दिगो व्यवस्थापन, उत्पादकत्व बृद्धि एवं उद्यम विकास गरी वातावरण संरक्षण, जलवायु उत्थानशीलता र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने" रहेको छ।

## ६. लक्ष्य तथा उद्देश्यहरु

### ६.१ लक्ष्यः

यस रणनीतिको लक्ष्य "बाँस तथा बेतको संरक्षण, व्यवस्थापन र दिगो उपयोग सुनिश्चित गर्दै स्थानीय समुदायको जिविकोपार्जन, रोजगारी र आय आर्जन वृद्धिका साथै सबल हरित अर्थतन्त्र निर्माण गर्ने" रहेको छ ।

### ६.२ उद्देश्यः

यस रणनीतिका उद्देश्य देहाय बमोजिम रहेका छन्ः

१) बाँस तथा बेतको संरक्षण, व्यवस्थापन, उत्पादकत्व बृद्धि र दिगो उपयोगका लागि अध्ययन, अनुसन्धान, क्षमता विकास, प्रविधि विकास र संस्थागत सुदृढिकरण गर्ने;

२) बाँस तथा बेतको खेती प्रणाली, सामग्रीको उत्पादन एवं उद्यमलाई व्यावसायिक र प्रतिस्पर्धात्मक रुपमा विकास गर्ने;

३) बाँस तथा बेत सामग्रीको प्रशोधन, निर्माण तथा उत्पादन प्रकृयामा स्थानीय एवं परम्परागत ज्ञान, सीप र कलालाई संरक्षण, प्रवर्द्धन र विस्तार गर्ने;

४) बाँस तथा बेतजन्य सामग्रीको स्थानीय तथा राष्ट्रिय स्तरका उद्यम र उद्योग विकास गरी गुणस्तरीय उत्पादन, उत्पादन विविधिकरण एवं मूल्य अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा व्यापार प्रवर्द्धन गर्ने;

५) निजी तथा सहकारी क्षेत्रलाई आर्कषण गरी बाँस तथा बेतको खेती विकास एवं विस्तार, सामग्रीको प्रशोधन, उत्पादन तथा गुणस्तर अभिवृद्धि, उच्च प्रविधि प्रयोग, उद्यम विकास र व्यापार प्रवर्द्धन गर्ने ।

## ७. रणनीतिहरु

यस बाँस तथा बेत रणनीतिको दूरदृष्टी, लक्ष्य र उद्देश्य हासिल गर्न देहाय बमोजिमका रणनीति अबलम्बन गरिने छ ।

## रणनीति १: बाँस तथा बेतको सर्वेक्षण, अध्ययन, अनुसन्धान गरी दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

**कार्यनीतिहरू:**

१. बाँस तथा बेतको विस्तृतरुपमा स्रोत सर्वेक्षण र अभिलेखीकरण गरिनेछ ।

२. रैथाने (इन्डेमिक), लोप हुन लागेका र संकटापन्न अवस्थामा रहेका बाँस तथा बेतका प्रजातिहरुको पहिचान गरी सहभागितामूलक तरिकाले संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

३. नेपालका प्राकृतिक वन र संरक्षित क्षेत्रभित्र रहेका बाँस तथा बेतको पारिस्थितिकीय अध्ययन, अनुसन्धान कार्य गरिनेछ ।

४. संरक्षित क्षेत्र भित्र वन्यजन्तुको बासस्थान व्यवस्थापन गर्दा बाँस तथा बेत प्रजातिको संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

५. प्लाष्टिकजन्य सामाग्रीहरूको सट्टामा व्यापारिक रुपले महत्वपूर्ण बाँस तथा बेत प्रजातिको पहिचान, प्रवर्द्धन तथा उत्पादन विविधिकरणका लागि अध्ययन, अनुसन्धान गरिनेछ ।

६. बाँस तथा बेतको संरक्षण, दिगो व्यवस्थापन, प्रयोग र बजारीकरण सम्बन्धि अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

७. विभिन्न मुलुकमा अपनाइएका दिगो, आधुनिक र उपयुक्त प्रविधि भित्र्याउने व्यवस्था मिलाइनेछ ।

८. बाँस तथा बेतको सहज प्रसारण विधि, स्रोत विकास, मूल्यवान सामग्री डिजाइन र निर्माण तथा लगानी मैत्री अनुकूल वातावरण निर्माण सम्बन्धी अध्ययन अनुसन्धानमा लगानी वृद्धि गरिनेछ ।

९. बाह्य बाँस तथा बेत प्रजातिको खेती विस्तार गर्दा यसको संभाव्यता, उद्गमस्थल परीक्षण (प्रोभिनेन्स ट्रायल) तथा वंश परीक्षण (प्रोजेनी टेस्ट) अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

**कार्यक्रम तथा क्रियाकलापहरू:**

१ आधुनिक र वैज्ञानिक प्रविधि अपनाई बाँस तथा बेत स्रोतको विस्तृत सर्वेक्षण गरिनेछ ।

२. कृषि वन प्रणालीमा बाँस तथा बेतको सम्भाव्यता, औषधोपयोगी बाँस तथा बेतका रासायनिक पदार्थहरु तथा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण विषयमा अध्ययन, अनुसन्धान गरिनेछ ।

३. बाँस तथा बेतमा लाग्ने रोग तथा किटाणुका बारेमा अध्ययन, अनुसन्धान गरी सोबाट संरक्षण गरिनेछ ।

४. बाँस तथा बेतको संरक्षण, व्यवस्थापन, उत्पादकत्व वृद्धि, विभिन्न उत्पादन सामग्री तयार तथा बजारीकरण सम्बन्धी अध्ययन, अनुसन्धान तथा कार्यक्रम विस्तारमा सरकारी (संघीय, प्रादेशिक र स्थानीय), गैरसरकारी, सहकारी तथा निजी संघ संस्थाको सहभागिता बृद्धि र बिस्तार गरिनेछ ।

५. अध्ययन, अनुसन्धानबाट प्राप्त नतिजालाई व्यवसायमूलक कार्यान्वयनका साथै प्लाष्टिकजन्य सामाग्रीहरूको सट्टामा बाँस तथा बेतको प्रयोग गर्ने उपयुक्त वातावरण तयार गरिनेछ।

६. बाँसबाट घर निर्माण तथा मूल्यवान सामग्री निर्माणका लागि स्थानीय प्रजातिको आवश्यक गुण र दक्षताको अध्ययन गरिनेछ ।

७. बाँसबाट आवास तथा भवन बनाउने कार्यलाई प्रोत्साहित गरिनेछ ।

८. बाँस तथा बेत सम्बन्धी अध्ययन, अनुसन्धानबाट प्राप्त नतिजा तथा प्रविधिको व्यापक प्रचार प्रसार गरी कार्यान्वयनको वातावरण तयार गरिनेछ ।

९. नेपालका रेडपाण्डा जस्ता बाँस तथा निगालो मुख्य बासस्थान भएका वन्यजन्तुका संख्या, त्यस क्षेत्रमा बाँस तथा निगालोको उपलव्धता र गुणस्तरका अध्ययन, अनुसन्धान र अभिलेखीकरण गरी उक्त बासस्थान सुधार तथा व्यवस्थानको कार्य प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

१०. नेपालका हिमाली राष्ट्रिय निकुञ्जहरुमा पाइने बाँसको अवस्थाका बारेमा अध्ययन, अनुसन्धान गरी दिगो व्यवस्थापन गरिनेछ ।

११. बाँसलाई मुख्य बासस्थानका रुपमा प्रयोग गर्ने रेडपाण्डा जस्ता वन्यजन्तुको अन्तरसम्वन्ध र पारस्परिक सम्बन्धका बारेमा अध्ययन, अनुसन्धान र प्रवर्द्धन गरिनेछ ।

१२. बाँस तथा बेतका विभिन्न रैथाने प्रजातिको आनुवाशिंक संरक्षण तथा बीउ बैंकको स्थापना र सञ्चालनको व्यवस्था मिलाइनेछ ।

१३. वृक्षारोपण तथा प्रसारणका लागि विदेशबाट आयात हुने बाँस प्रजातिको बीउ, विरुवा तथा अन्य प्रसार सामग्री शिल्भीकल्चरल तथा फेनोलोजिकल गुणहरुको विस्तृत अध्ययन गरेर मात्र आयात अनुमति दिने व्यवस्था मिलाइनेछ ।

१४. बाँस प्रसारका लागि गुणस्तरीय विरुवा उत्पादन गर्न सुबिधायुक्त नर्सरी तथा अध्ययन अनुसन्धानका लागि समुदायमा आधारित बेम्बुसेटमहरु स्थापना र व्यवस्थापन गरिनेछ ।

१५. बाँस सम्बन्धी पाठ्यक्रम विकासका साथै उच्चतहको प्राज्ञिक अध्ययन तथा अनुसन्धानलाई प्रवर्द्धन गरिनेछ ।

**रणनीति २: बाँस तथा बेतको संरक्षण, व्यवस्थापन, दिगो उपयोग र व्यावसायिक खेतीमार्फत स्थानीय रोजगारीका अवसरको सिर्जना गरी अर्थतन्त्रलाई सुदृढ गर्ने।**

**कार्यनीतिहरू:**

१. बाँस तथा बेत प्रजातिको स्व-स्थानीय तथा पर-स्थानीय संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

२. बाँस तथा बेतको उत्पादकत्व वृद्धि र व्यावसायिक उत्पादनमा जोड दिइनेछ ।

३. प्राकृतिक वनहरुमा रहेका रैथाने बाँस तथा बेत प्रजातिको संरक्षण गरी जैविक विविधता संरक्षणमा जोड दिइनेछ ।

४. प्राकृतिक प्रकोप, भू-क्षय तथा नदी कटान नियन्त्रणमा अपनाइने जैविक प्रविधि अन्तर्गत बाँस तथा बेतको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

५. वन क्षेत्रको व्यवस्थापन योजनामा बाँस तथा बेतको खेती, संरक्षण, व्यवस्थापन, उपयोग जस्ता विषयहरु समावेश गर्ने व्यवस्था मिलाइनेछ।

६. खाली, बाँझो छाडिएका, पर्ति, हैसियत बिग्रेको, भिरालो र संवेदनशील क्षेत्रहरुमा बाँस तथा बेतको खेती गर्न प्रोत्साहन गरिनेछ।

७. बाँस तथा बेतको स्रोत संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्न सामुदायिक वन उपभोक्ता समूह लगायत अन्य प्रमुख सरोकारवालाको सहभागिता अभिवृद्धि गरिनेछ।

८. स्थानीय रुपमा उत्पादित बाँस तथा बेतका सामग्री सरकारी कार्यालयले खरिद गर्ने व्यवस्था गरिनेछ।

९. स्थानीय रुपमा उत्पादित बाँस तथा बेतका सामग्रीको विक्री वितिरण तथा निकासीलाई प्रोत्साहन गरिनेछ।

**कार्यक्रम तथा क्रियाकलापहरू:**

१. बाँस तथा बेत खेतीका लागि आवश्यक उन्नत एवं गुणस्तरीय बीउ, विरुवा, कलमी र अन्य सामग्रीको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ।

२. स्थानीय बासिन्दालाई समूहमा आवद्ध गरी ऐलानी, पर्ति जमिन, बाँझो छाडिएका जमिन, सडकका किनारा, नदी र खोला किनार क्षेत्रमा बाँस तथा बेतको खेती गर्न प्रोत्साहन गरिनेछ।

३. बाँसको प्रजातिगत विशेषताका आधारमा बाँस रोपण कार्यलाई विस्तार गरिनेछ।

४. चुरे संरक्षण र व्यवस्थापनको महत्वपूर्ण पाटोको रुपमा रहेकोले उक्त क्षेत्रमा बाँसको वृक्षारोपण अभियान सञ्चालन गर्न उपयुक्त स्थानहरु पहिचान गरी व्यापक वृक्षारोपणको व्यवस्था मिलाइनेछ।

५. संरक्षित क्षेत्रभित्र रहेका बाँस तथा बेतको संरक्षण र वन्यजन्तुको बासस्थानको रुपमा दिगो व्यवस्थापन गरिनेछ।

६. निजी क्षेत्रमा बाँस तथा बेतको व्यावसायिक खेती गर्न चाहने किसानलाई

सहज रुपमा बीउ, बिरुवा र कलमी लगायत प्राविधिक सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७. चुरे तथा पहाडी क्षेत्रस्थित बाँसका वनको संरक्षण, दिगो व्यवस्थापन र उपयोग गर्न व्यवस्थापन योजना बनाई लागु गर्ने व्यवस्था मिलाइनेछ ।

८. बाँस तथा बेतको विकासमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्ति, संस्था वा समूहलाई पुरस्कृत र प्रोत्साहित गरिनेछ ।

९. भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक विपत्ति पछिको पर्यावरणीय सेवा पुर्नस्थापना र भौतिक संरचना पुनर्निर्माणमा बाँसलाई प्राथमिकताका साथ प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१०. बाँस तथा बेतको खेती, व्यवस्थापन र उपयोगसँग सम्बन्धित क्षेत्रमा क्षमता अभिवृद्धि गर्न सम्बन्धित तालिम प्रदायक संस्थासँग समन्वय गरिनेछ ।

११. बाँस तथा बेतको महत्व, खेती, संरक्षण, व्यवस्थापन, उपयोग र यसको मानव स्वास्थ्य तथा पर्यावरणीय महत्वको बारेमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. देश भित्र बाँस र बाँसजन्य कच्चा पदार्थ र उत्पादनको सरल ओसारपसार तथा ढुवानी कार्यलाई सहजीकरण गरिनेछ ।

**रणनीति ३: बाँस तथा बेतको सामग्री प्रशोधन तथा उत्पादन गर्दा रैथाने एवं परम्परागत ज्ञान, सीप र कलालाई संरक्षण, प्रवर्द्धन र विस्तार गर्ने ।**

**कार्यनीतिहरू:**

१. बाँस तथा बेतको रोपण, संरक्षण तथा विभिन्न हस्तकलाका सामग्री उत्पादन र प्रयोग सम्बन्धमा उपलब्ध रैथाने एवं परम्परागत ज्ञान, सीप र कलाको पहिचान र अभिलेखीकरण गरिनेछ ।

२. परम्परागत ज्ञान, सीप र कलाको समुचित प्रयोग र संरक्षणमा लगानी वृद्धि गरिनेछ ।

३. परम्परागत ज्ञान, सीप र कलामा स्थानीय व्यक्ति वा समुदायको हक स्थापना गर्नुका साथै बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार स्थापित गर्ने व्यवस्था मिलाइनेछ ।

४. स्थानीय ज्ञान, सीप र कलालाई पर्यटन व्यवसायसँग आबद्ध गरी संरक्षण तथा प्रवर्द्धनको व्यवस्था मिलाइनेछ ।

५. आदिबासी जनजाति, महिला, दलित, मधेशी समुदाय लगायतका सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका बर्ग वा समुदायको बाँस र बेत सम्बन्धी ज्ञान र सीप प्रयोग गर्दै बाँस तथा बेतमा आधारित आयआर्जनका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यक्रम तथा क्रियाकलापहरू:**

१. बाँस तथा बेत सम्बन्धी स्थानीय समुदायमा आधारित विभिन्न ज्ञान, सीप, प्रविधि र स्रोत व्यक्तिको सर्वेक्षण गरी स्थानीय ज्ञान, सीप तथा कलाको अभिलेखीकरण कार्य गरिनेछ ।

२. बाँस तथा बेत सम्बन्धी स्थानीय रैथाने र परम्परागत ज्ञान, सीप र कलाको संरक्षण तथा प्रवर्द्धनमा लगानी अभिवृद्धि गरिनेछ ।

३. बाँस तथा बेत सम्बन्धी स्थानीय, रैथाने र परम्परागत ज्ञानका अभिवृद्धिका लागि स्थानीय स्रोत व्यक्तिको विकास र क्षमता अभिवृद्धि गरिनेछ ।

४. बाँस तथा बेत सम्बन्धी रैथाने र परम्परागत सीप र ज्ञानलाई लिपिवद्ध गरी प्रकाशन र समुदायको बौद्धिक सम्पतिको संरक्षणको व्यवस्था मिलाइनेछ ।

५. बाँस तथा बेतका परम्परागत उत्पादनको प्रवर्द्धन गर्न स्थानीय तथा राष्ट्रिय संग्रहालय स्थापना तथा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

६. पकेट क्षेत्र पहिचान गरी महिला, दलित लगायतका सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वर्ग वा समुदायको बाँस तथा बेतमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

७. पकेट क्षेत्रमा महिला, दलित लगायतका सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वर्ग वा समुदायको लागि प्रशोधन तथा उत्पादन गर्न आवश्यक पर्ने तालिम लगायतका प्राविधिक सेवा प्रदान गरिनेछ ।

८. स्थानीय जीविकोपार्जन सुधारका लागि बाँस तथा बेतको उपयोग तथा बजार विविधिकरणका कार्य गरिनेछ ।

९. देशका विभिन्न स्थानमा ठाउँ सुहाउँदो बाँस तथा बेतको प्रदर्शनी स्थल निर्माण तथा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

**रणनीति ४: बाँस तथा बेतजन्य सामग्रीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक बनाउन आवश्यक प्रविधि एवं पूर्वाधार तथा प्राविधिक ज्ञान र दक्ष जनशक्ति विकास गर्ने ।**

**कार्यनीतिहरू:**

१. बाँस तथा बेतबाट बन्ने परम्परागत तथा आधुनिक हस्तकलाको प्रवर्द्धन गरिनेछ ।

२. बाँस तथा बेतजन्य प्रविधि विस्तार तथा औद्योगिक विकासमा टेवा पुऱ्याइनेछ ।

३. बाँस तथा बेतजन्य सामग्रीहरुको प्रशोधन, निर्माण र उत्पादनका लागि ज्ञान, सीप तथा प्रविधि विकास र हस्तान्तरणको व्यवस्था मिलाइनेछ ।

४. बाँस तथा बेतको उत्पादन र उत्पाकत्व बृद्धि, मूल्य अभिवृद्धि, प्रशोधन तथा उत्पादन विविधिकरणका साथै बजारीकरणका लागि अध्ययन, अनुसन्धान तथा प्रविधि बिकास गरिनेछ ।

**कार्यक्रम तथा क्रियाकलापहरू:**

१. परम्परागत तथा आधुनिक बाँस तथा बेतजन्य हस्तकला र औद्योगिक सामग्रीको निर्माण तथा प्रवर्द्धन गरिनेछ ।

२. बन्द भएका र रुग्ण अवस्थाका बाँस तथा बेतजन्य उद्योग पहिचान गरी पुनः सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

३. बाँस तथा बेतजन्य सामग्रीको उत्पादन एवं प्रविधि विकास गर्न विदेशबाट औजार, मेसिन र दक्ष जनशक्ति आयात कार्यलाई सहजीकरण गरिनेछ ।

४. तालिम प्रदान मार्फत सीप र सामग्री हस्तान्तर मार्फत स्थानीयस्तरमा

प्रविधियुक्त दक्ष जनशक्ति तयार तथा संस्थागत क्षमता सुदृढ गरिनेछ ।

५. बाँस उत्पादन बढी हुने क्षेत्रमा कम्तिमा प्रारम्भिक चरणको प्रोसेसिङ्ग उद्यम विकास गरेर मात्र निकासी हुने व्यवस्था मिलाइनेछ ।

६. बाँस तथा बेतमा आधारित वस्तुको पहिचान, उत्पादन, प्रविधि विकास, सीप एवं उद्यमशीलता विकास र संलग्न कालिगढको क्षमता अभिवृद्धि गरिनेछ ।

७. बाँस तथा बेतका स्थानीय तथा राष्ट्रियरुपमा साना, मझौला तथा ठूला उद्योग स्थापना र सञ्चालनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रहरुबाट अनुदान तथा सहुलियतपूर्ण ऋण प्रवाहका लागि सहजीकरण गरिनेछ ।

८. प्राविधिक क्षमता अभिवृद्धि, नयाँ वस्तुहरुको विकास, प्रविधि परीक्षण, स्तर निर्धारण र सीपमूलक तालिम सञ्चालनको लागि तालिम प्रदायक संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

९. विद्यालयस्तरको शिक्षामा बाँस तथा बेतको महत्व एवं उपयोगिता झल्काउने पाठ्यक्रमको विकासमा सहयोग पुऱ्याइनेछ ।

१०. बाँस र बेत सम्बन्धी दक्षता अभिवृद्धि तालिमका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, अनुसन्धान सम्बन्धी संघसंस्था, निजी क्षेत्र तथा विश्वविद्यालयसँग समन्वय र सहकार्य गरिनेछ ।

११. बाँस तथा बेतको उद्यम विकासमा प्रविधि भित्राउन विभिन्न राष्ट्र तथा संघसंस्थासँग समझदारी तथा सम्झौता गरी कार्यन्वयन गरिनेछ ।

## रणनीति ४: बाँस तथा बेतजन्य सामग्रीको गुणस्तर वृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने ।

**कार्यनीतिहरूः**

१. बाँस तथा बेतजन्य सामग्रीको बजार विस्तार र बजारीकरण प्रक्रियालाई सुदृढीकरण गरिनेछ ।

२. अन्तर्राष्ट्रिय बजारीकरणको लागि बाँस तथा बेतजन्य स्रोत तथा सामग्रीको प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग पहुँच बृद्धि गर्न कानूनी, संरचनागत एवं प्रक्रियागत सुधार गरिनेछ ।

४. गुणस्तरयुक्त बाँस तथा बेतका सामान बनाउन आवश्यक पर्ने उपचार विधि, सिजनिङ्ग र क्युरिङ्ग लगायतका प्रविधिलाई प्रोत्साहित गरिनेछ ।

**कार्यक्रम तथा क्रियाकलापहरू:**

१. बाँस तथा बेतसँग सम्बन्धित परम्परागत र नवीन प्रविधि, कला, सीप र डिजाइनको बौद्धिक अधिकार सुरक्षित गरिनेछ ।

२. बाँस तथा बेतका गुणस्तरयुक्त सामग्री सामूहिक रुपमा उत्पादन गर्न डिजाइनर तथा कालिगढका लागि देशका विभिन्न स्थानमा साझा सुविधा केन्द्र (कमन फ्यासिलिटि सेन्टर) स्थापना गरिनेछ ।

३. हस्तकला, घरेलु प्रयोजनमा आउने सामग्री र विदेश पैठारी गर्न सकिने परम्परागत हस्तकलाको पहिचान, स्तरोन्नति र मूल्य अभिवृद्धि गरी प्रवर्द्धन गरिनेछ ।

४. बाँस तथा बेतको उत्पादन र प्रयोगलाई विविधिकरण गर्ने हेतुले अन्य निर्माण सामग्रीसँग मिश्रण गरी मिश्रित सामग्री तयार गर्न उद्यमीलाई प्रोत्साहन गरिनेछ ।

५. भूकम्प प्रतिरोधात्मक र अग्निरोधक बाँसका घर बनाउने प्रविधिको विकास र विस्तार गर्न प्रोत्साहन गरिनेछ ।

६. बाँस तथा बेतजन्य सामग्रीहरुलाई आन्तरिक तथा बाह्य बजारमा प्रतिस्पर्धी बनाउनको लागि आवश्यक पर्ने प्रारम्भिक प्रशोधन स्थानीयस्तरमा गर्न प्रोत्साहन गरिनेछ ।

७. बाँस तथा बेत उत्पादन हुने वन तथा आवादी क्षेत्र र उत्पादित बस्तुको प्रमाणीकरण गरी अन्तर्राष्ट्रिय बजारीकरण कार्यलाई सरलीकृत गर्ने व्यवस्था मिलाइनेछ ।

८. बाँस तथा बेतजन्य उत्पादनको प्रदर्शनी र बजारमेलाको आयोजना गर्न प्रोत्साहन गरिनेछ । अन्तर्राष्ट्रिय स्तरमा हुने बाँस तथा बेतजन्य उत्पादनको प्रदर्शनी र बजारमेलामा सहभागी हुने व्यवस्था मिलाइनेछ ।

९. बाँस तथा बेतका उत्पादन, बजार तथा मूल्यसम्बन्धी जानकारी तथा सूचना जारी गर्ने तथा आदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१०. बाँस तथा बेतजन्य सामग्रीको बजारीकरण प्रक्रियालाई सरलीकृत गर्न व्यवस्था मिलाईनेछ ।

११. बाँस तथा बेतजन्य सामग्री उत्पादन र खेती विस्तारमा लागेका समुदायलाई सहकारीको माध्यमबाट समेटी ब्यापार प्रवर्द्धनमा प्रोत्साहित गरिनेछ ।

१२. बाँस तथा बेतका सामानहरुको सङ्गठित बजारको व्यवस्था मिलाइनेछ । विभिन्न शहरको उपयुक्त स्थानमा बाँस तथा बेतका सामानको छुट्टै बजारको व्यवस्था गरिनेछ ।

१३. अन्तर्राष्ट्रिय बजारलाई समेत ध्यानमा राखी गुणस्तरीय र समय सापेक्ष डिजाइनयुक्त सामान बनाउन सम्बन्धित संस्थाबाट वृहत् रुपमा तालिम दिने व्यवस्था मिलाइनेछ ।

१४. बाँस तथा बेतजन्य उत्पादन विदेश निकासीलाई सहजीकरण गर्न अनुदान प्रदान गरी सहजीकरण र प्रभावकारी गराईनेछ ।

१४. देश भित्र प्रशोधन, उत्पादन तथा मूल्य अभिबृद्धि गरी विदेश निकासी हुने बाँस र बेतजन्य उद्योगका लागि निकासीमा आधारित भन्सार सुविधा तथा करछुटका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१५. बाँस तथा बेतका सामानको प्रयोगमा जनचेतना फैलाउन विभिन्न माध्यमबाट व्यापक रुपमा प्रचार प्रसार गर्ने व्यवस्था मिलाइनेछ ।

१६. बाँस तथा बेतका सम्बन्धमा नवप्रवर्तन तथा स्टार्ट-अप कार्यलाई प्रोत्साहित गरिनेछ ।

**रणनीति ६: निजी तथा सहकारी क्षेत्रलाई आकर्षण गरी बाँस तथा बेतको खेती विकास एवं विस्तार, दिगो व्यवस्थापन, उद्यम विकास, उत्पादकत्व बृद्धि, उत्पादन विविधिकरण र बजारीकरण गर्ने।**

**कार्यनीतिहरू:**

१. बाँस तथा बेतको संरक्षण, उपयोग, दिगो व्यवस्थापन एवं खेती विस्तारमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

२. निजी क्षेत्रलाई कबुलियती वनमा बाँसको व्यावसायिक खेती गर्न वन हस्तान्तरण प्रक्रिया सहजीकरण र सरलीकृत गरिनेछ।

३. व्यावसायिक रुपले महत्वपूर्ण मानिएका स्थानीय तथा बाह्य बाँस तथा बेत प्रजातिका रोपण कार्यलाई प्राथमिकता प्रदान गरिनेछ।

४. बाँस तथा बेत क्षेत्रको विकासमा लगानी बृद्धि गर्न निजी तथा सहकारी क्षेत्रलाई आकर्षित गरिनेछ।

**कार्यक्रम तथा क्रियाकलापहरू:**

१. बाँस तथा बेत प्रशोधनका लागि उपयुक्त प्रविधिहरुको विकास र विस्तार गर्न निजी तथा सरकारी, गैरसरकारी, सहकारी तथा निजी कम्पनीलाई प्रोत्साहित गरिनेछ।

२. बाँस तथा बेतको विकास र प्रवर्द्धनका लागि विदेशी लगानी एवं प्रविधि ल्याउन प्रोत्साहित गरिनेछ।

३. निजी, समुदाय वा सहकारीले लगाएका बाँस तथा बेत खेतीबाट प्राप्त हुने कच्चा पदार्थको लागि खरिदको व्यवस्था मिलाइनेछ।

४. बाँस तथा बेतको प्रशोधन, उपयुक्त प्रविधि एवं दक्ष जनशक्तिको विकास तथा उद्यम सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका साथै निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

५. समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरु जस्तैः सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन लगायत निजी वन तथा

दर्तावाल जग्गा आदिमा बाँस रोपण, व्यवस्थापन र दिगो उपयोगमा समुदाय तथा निजी क्षेत्रको सहभागिता बृद्धि र प्रभावकारी बनाइनेछ ।

६. बाँस तथा बेतक्षेत्रमा संलग्नहरुको लागि सहकारी, सञ्जाल, सङ्गठन आदिको व्यवस्था मिलाइनेछ ।

७. बाँस र बाँसजन्य सामाग्रीलाई भवन निर्माण सामग्रीको रुपमा प्रयोग गर्न प्रोत्साहित गर्ने नीतिगत तथा कानूनी व्यवस्था मिलाइनेछ ।

## ८. संस्थागत संरचना

बाँस तथा बेत विकास र व्यवस्थापनको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने उद्देश्यले देहाय बमोजिमको राष्ट्रिय बाँस तथा बेत विकास समन्वय समितिको गठन गरिनेछ ।

**संयोजकः** सचिव, वन तथा वातावरण मन्त्रालय

**सदस्यः** महाशाखा प्रमुख, योजना, अनुगमन तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय

**सदस्यः** महानिर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

**सदस्यः** महानिर्देशक, वन तथा भू-संरक्षण विभाग

**सदस्यः** महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**सदस्यः** महानिर्देशक, वनस्पति विभाग

**सदस्यः** महानिर्देशक, उद्योग विभाग

**सदस्यः** महानिर्देशक, कृषि विभाग

**सदस्यः** प्रतिनिधि, वन तथा वातावरण क्षेत्र हेर्ने शाखा, राष्ट्रिय योजना आयोग

**सदस्यः** संयोजकले तोकेको वन सम्बन्धी प्रदेश मन्त्रालयको प्रदेश सचिव मध्येबाट १ जना

**सदस्यः** पालिकाहरु मध्येबाट संयोजकले तोकेको १ जना मेयर वा अध्यक्ष

**सदस्यः** प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ

**सदस्यः** बाँस तथा बेतक्षेत्रमा कार्यरत उद्यमी/विशेषज्ञ मध्येबाट कम्तिमा १ महिला सहित २ जना

**सदस्य सचिवः** महानिर्देशकले तोकेको उप-महानिर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

उक्त समितिको कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ। समितिले देहाय बमोजिमको कार्यहरु गर्नेछ।

क) बाँस र बेतको विकासका लागि कार्यक्रम निर्धारण, प्राथमिकीकरण, समस्या पहिचान, क्षमता अभिवृद्धि, आर्थिक पहिचान र परिचालन, अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग र समन्वय गर्ने।

ख) बाँस तथा बेत क्षेत्रको समग्र बिकास र व्यवस्थापन गर्ने, यस सम्बन्धी अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र स्थानीय तह, प्रदेश मन्त्रालय र नेपाल सरकार एवं अन्य सरोकारवालाहरुलाई समन्वय, सहकार्य एवं सहभागिताका लागि उत्प्रेरित गर्ने।

ग) बाँस र बेत सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँगको सम्बन्ध स्थापना र बिस्तार एवं भएका सम्झौता तथा प्रतिवद्धतालाई कार्यान्वयनमा समन्वय र सहकार्य गर्ने।

घ) बाँस र बेत सम्बन्धी क्रियाकलापहरु संचालनको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने।

ङ) अन्य आवश्यक नीतिगत कार्यहरु गर्ने।

सरकारी र गैरसरकारी संस्था एवं निजी क्षेत्रको संलग्नता रहने गरी प्रदेशस्तरमा समेत कार्यान्वयन समितिको व्यवस्था गरिनेछ।

बाँस तथा बेतको संरक्षण तथा दिगो व्यवस्थापन सम्बन्धी रणनीति तथा कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकाय र प्रदेश तथा स्थानीयतहका कार्यालय तथा सम्बन्धित अन्य संघ संस्थाको सहयोगबाट कार्यान्वयन गरिनेछ। बाँस तथा बेतजन्य सामग्रीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक बनाउन र प्रभावकारी बजारीकरणका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

अगुवाईमा मातहतका निकाय तथा संयन्त्रबाट कार्यक्रम बनाई लागु गर्ने व्यवस्था मिलाइनेछ ।

वन तथा वातावरण मन्त्रालयको तर्फबाट वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले समितिको सचिवालयको साथै बाँस तथा बेत सम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान तथा प्रविधि विकासका कार्यमा विभिन्न निकायहरुसँग समन्वय, सहकार्य र नियमनको कार्य गर्नेछ ।

## ९. आर्थिक पक्ष तथा वित्तीय व्यवस्थापन

वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शहरी विकास मन्त्रालय लगायतका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह एवं सरोकारवाला सरकारी निकायहरुका साथै विकास साझेदार तथा नीजि क्षेत्रहरुबाट यस रणनीतिको कार्यान्वयनका लागि लगानी गरिनेछ । नेपाल सरकारलाई थप आर्थिक बोझ नहुने गरी यस रणनीतिले तोकेका कार्यनीति तथा कार्यक्रमहरुलाई प्राथमिकता प्रदान गरी यस रणनीति तथा कार्यान्वयन योजनाको कार्यन्वयन गरिनेछ । यसका साथै बाँस, जैविक विविधता तथा जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशील दुईपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय संघसंस्थाका साथै गैरसरकारी निकाय र नीजि क्षेत्रको सहयोग जुटाई यस रणनीति बमोजिमको वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

## १०. कानूनी व्यवस्था

बाँस तथा बेत विकास रणनीतिले विभिन्न क्षेत्रलाई समेट्ने हुँदा यसको कार्यान्वयनको लागि विभिन्न नीतिहरुमा यसलाई एकीकृत गराई सो लक्ष्य प्राप्त गर्ने सन्दर्भमा विद्यमान ऐन, नियम कानूनमा समयसापेक्ष सुधार एवं परिमार्जन गरी समन्वयात्मक ढङ्गले लागु गरिनेछ । यसका अतिरिक्त आवश्यक कार्यविधि, निर्देशिका र कार्यान्वयन योजना तयार गरी लागु गर्ने व्यवस्था मिलाइनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

बाँस तथा बेतको संरक्षण तथा विकास कार्यहरुको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित संघीय मन्त्रालय, मातहतका निकाय र प्रदेश तथा स्थानीयतहको संयन्त्रबाट गरिने व्यवस्था मिलाइनेछ। उपर्युक्त अनुगमन प्रणालीलाई सम्बन्धित मन्त्रालयहरुको अनुगमन प्रणालीसँग एकीकृत गरिनेछ । प्रस्तुत रणनीतिको कार्यान्वयनबाट अपेक्षित प्रतिफल तथा उद्देश्य हासिल भए नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न राष्ट्रिय बाँस तथा बेत विकास समन्वय समितिले सम्बन्धित सबै निकायहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउनेछ । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिमा छलफल तथा समन्वय गरी बाँस तथा बेत सम्बन्धी योजना निर्माण, कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका कार्यलाई प्रभावकारी बनाइनेछ । अनुगमन तथा मूल्याङ्कनका लागि सरोकारवालाको सहभागितामा परिणाममा आधारित खाँका तयार गरी सोको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। यस रणनीतिको आवधिक प्रभाव मूल्याङ्कन राष्ट्रिय योजना आयोगले वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरी गर्नेछ।

## १२. जोखिम

बाँस तथा बेतको संरक्षण, व्यवस्थापन र दिगो उपयोग मार्फत वन, वन्यजन्तु, वातावरण र जैविक विविधताको दीर्घकालीन संरक्षण एवं लक्षित वर्गको रोजगारी श्रृजना तथा आय आर्जन भई जीवनस्तरमा सुधार हुने हुँदा यस रणनीतिको कार्यान्वयनबाट केही जोखिम हुने देखिंदैन ।

## १३. रणनीति परिमार्जन

यो रणनीतिलाई राष्ट्रिय बाँस तथा बेत विकास समन्वय समितिको सिफारिसमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले सम्बन्धित सरोकारवालाहरुको सहभागितामा आवश्यकतानुसार प्रत्येक पाँच/पाँच वर्षमा मूल्याङ्कन गरी परिमार्जन गरिंदै लगिनेछ ।

# राष्ट्रिय बाँस तथा बेत विकास रणनीति कार्यान्वयन कार्ययोजना

| क्रियाकलापहरू | सूचाङ्क | समयावधि (वर्ष) | | | | | | | | | | अनुमानित बजेट (रू. लाख) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौं | छैठौं | सातौं | आठौं | नवौं | दसौं | | | |
| **रणनीति १ः बाँस तथा बेतको सर्वेक्षण, अध्ययन, अनुसन्धान गरी दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।** | | | | | | | | | | | | | | |
| बाँस तथा बेत स्रोतको विस्तृत सर्वेक्षण गर्ने । | बाँस र बेतको श्रोत सर्वेक्षण भएको हुने | | | | | | | | | | | ६०० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरु तथा सम्बन्धित प्रदेश मन्त्रालयहरु |
| कृषि वन प्रणालीमा बाँस तथा बेतको सम्भाव्यता र उपयोगिता विषयमा अध्ययन, अनुसन्धान गर्ने । | बाँस र बेतको उपयोगिता सम्बन्धी अध्ययन भई प्रतिवेदन तयार भएको हुने | | | | | | | | | | | १५० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र कृषि विभाग | वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरु तथा सम्बन्धित प्रदेश मन्त्रालय, डिभिजन वन कार्यालय |
| बाँस तथा बेतमा लाग्ने रोग तथा किटाणुका बारेमा अध्ययन, अनुसन्धान गरी संरक्षण गर्ने । | रोगको पहिचान भइ बाँस तथा बेत संरक्षण भएको हुने | | | | | | | | | | | १०० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि विभाग, वन तथ भू-संरक्षण विभाग | वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरु, नेपाल कृषि अनुसन्धान परिषद तथा सम्बन्धित प्रदेश मन्त्रालय |
| सरकारी, गैरसरकारी, सहकारी तथा निजी संघ, संस्थालाई बाँस तथा बेतको संरक्षण, व्यवस्थापन, उत्पादकत्व वृद्धि, विभिन्न उत्पादन सामग्री तयार तथा बजारीकरण सम्बन्धी विभिन्न अध्ययनमा सहभागी गराउने । | बाँस तथा बेतको विकासमा सरोकारवालाहरुको सहभागिता भएको हुने | | | | | | | | | | | १०० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, उद्योग विभाग | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, कृषि विभाग तथा सम्बन्धित प्रदेश मन्त्रालयहरु तथा कृषि सहकारी समुदायहरु |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अध्ययन, अनुसन्धानबाट प्राप्त नतिजालाई व्यवसायमूलक कार्यान्वयन गर्ने । | नतिजाहरु प्रयोगमा आई कार्यान्वयन भएको हुने | | | | | | | | | | | ७० | वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरु, सम्बन्धित प्रदेश मन्त्रालयहरु तथा स्थानीय तहहरु | वन तथा कृषिसँग सम्बन्धित सरोकारवालाहरु |
| बाँसबाट घर निर्माणका लागि स्थानीय प्रजातिको विभिन्न गुणको अध्ययन गर्ने । | बाँसको गुणस्तर अध्ययन भएको हुने | | | | | | | | | | | ५० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | वन तथा भू-संरक्षण विभाग, सम्बन्धित प्रदेश मन्त्रालयहरु |
| बाँस तथा बेत सम्बन्धी अध्ययन, अनुसन्धानबाट प्राप्त नतिजा तथा प्रविधिको व्यापक प्रचार प्रसार गरी कार्यान्वयन गर्ने । | नतिजा तथा प्रविधिको प्रचार प्रसार गरी कार्यान्वयन भएको हुने | | | | | | | | | | | ७० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि विभाग | वन तथा भू-संरक्षण विभाग, नेपाल कृषि अनुसन्धान परिषद् तथा सम्बन्धित प्रदेश मन्त्रालयहरु |
| बाँस तथा निगालोमा निर्भर रहने रेडपाण्डा जस्ता वन्यजन्तुको बासस्थान सम्बन्धी अध्ययन । | बासस्थान सम्बन्धी अध्ययन भएको हुने | | | | | | | | | | | १०० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, पशु सेवा विभाग, संरक्षण साझेदार |
| संरक्षण क्षेत्र भित्र पाइने बाँसको अवस्थाका बारेमा अध्ययन, अनुसन्धान गरी दिगो रुपमा उपयोग तथा संरक्षण गर्ने । | दिगो रुपमा उपयोग तथा संरक्षण भएको हुने | | | | | | | | | | | १०० | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | वन तथा भू-संरक्षण विभाग |
| बाँस तथा बेतका विभिन्न रैथाने प्रजातिको आनुवाशिंक संरक्षण तथा बीउ बैंकको स्थापना र सञ्चालन गर्ने । | विभिन्न बाँस प्रजातिहरुको BSO स्थापना भएको हुने | | | | | | | | | | | ७० | वन अनुसन्धान तथा प्रशिक्षण | वन तथा भू-संरक्षण विभाग, वनस्पति विभाग, राष्ट्रिय निकुञ्ज तथा |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | वन्यजन्तु संरक्षण विभाग, वन समुदायहरु संरक्षण साझेदार |
| **रणनीति २: बाँस तथा बेतको संरक्षण, व्यवस्थापन, दिगो उपयोग र व्यवसायिक खेतीमार्फत स्थानीय रोजगारी सिर्जना गरी अर्थतन्त्रलाई सुदृढ गर्ने ।** | | | | | | | | | | | | | | |
| बाँस तथा बेत प्रजातिको स्व-स्थानीय तथा पर-स्थानीय संरक्षण तथा व्यवस्थापन गर्ने । | स्थानीय तथा पर-स्थानीय बाँस तथा बेत संरक्षण भएको हुने | | | | | | | | | | | ८० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | वन तथा भू-संरक्षण विभाग, वनस्पति विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन समुदायहरु |
| बाँस तथा बेतको उत्पादकत्व वृद्धि र व्यावसायिक उत्पादनमा जोड दिने । | ४० लाख बाँसका विरुवा रोपण भएको हुने | | | | | | | | | | | ४०० | वन तथा भू-संरक्षण विभाग, कृषि विभाग राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सम्बन्धित प्रदेश मन्त्रालयहरु तथा स्थानीय तहहरु |
| प्राकृतिक वनहरुमा रहेका रैथाने बाँस तथा बेत प्रजातिको संरक्षण गरी जैविक विविधता संरक्षणमा जोड दिने । | जैविक विविधता संरक्षण भएको हुने | | | | | | | | | | | ३५ | वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| प्राकृतिक प्रकोप, भू-क्षय तथा नदी कटान नियन्त्रणमा अपनाइने जैविक प्रविधि अन्तर्गत बाँस तथा बेतको प्रयोगलाई प्राथमिकता दिने । | प्राकृतिक प्रकोप नियन्त्रणमा बाँस र बेतको प्रयोगमा प्राथमिकता दिएको हुने | | | | | | | | | | | २०० | वन तथा भू-संरक्षण विभाग, सम्बन्धित प्रदेश मन्त्रालय | सडक विभाग, सिचाई विभाग, वन उपभोक्ता समूह, कृषकहरु, स्थानीय सरकार |
| वन क्षेत्रको व्यवस्थापन योजनामा बाँस तथा बेतको खेती, संरक्षण, व्यवस्थापन, | वन व्यवस्थापन कार्ययोजनाहरुमा बाँस र बेतको | | | | | | | | | | | २० | वन तथा भू-संरक्षण विभाग, सम्बन्धित प्रदेश | सम्बन्धित डिभिजन वन कार्यालयहरु तथा वन उपभोक्ता |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपयोग जस्ता विषयहरु समावेश गर्ने । | संरक्षण तथा व्यवस्थापन समावेश भएको हुने | | | | | | | | | | | | मन्त्रालयहरु | समूहहरु |
| खाली, पर्ति, हैसियत बिग्रेको, भिरालो र संवेदनशिल क्षेत्रहरुमा बाँस तथा बेतको रोपण गर्ने । | हैसियत बिग्रेको, भिरालो र संवेदनशिल क्षेत्रहरुमा बाँस तथा बेतको रोपण भएको हुने | | | | | | | | | | | २०० | वन तथा भू-संरक्षण विभाग, सम्बन्धित प्रदेश मन्त्रालय | सम्बन्धित स्थानीय तहहरु तथा वन उपभोक्ता समूहहरु |
| बाँस तथा बेतको स्रोत संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्न सबै सरोकारवालाको सहभागिता अभिवृद्धि गर्ने । | सरोकारवालाको सहभागिता अभिवृद्धि भएको हुने | | | | | | | | | | | ३५ | वन तथा भू-संरक्षण विभाग, सम्बन्धित प्रदेश मन्त्रालय | सम्बन्धित स्थानीय तहहरु तथा वन उपभोक्ता समूहहरु |
| सरकारी कार्यालयमा स्थानीय रुपमा उत्पादित बाँस तथा बेतका सामग्रीको प्रयोगलाई प्राथमिकता दिने । | सरकारी कार्यालयहरुमा बाँस तथा बेतका सामग्री प्रयोग भएको हुने | | | | | | | | | | | ५० | सबै सरकारी कार्यालयहरु | वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सबै प्रदेश मन्त्रालयहरु |
| स्थानीय रुपमा उत्पादित बाँस तथा बेतका सामग्रीको बिक्री तथा निकासीलाई प्रोत्साहन गर्ने । | बाँस तथा बेतका सामग्रीको बिक्री तथा निकासी भएको हुने | | | | | | | | | | | ५० | उद्योग विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु | वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सबै प्रदेश मन्त्रालयहरु |
| **रणनीति ३: बाँस तथा बेतको सामग्री प्रशोधन तथा उत्पादन गर्दा स्थानीय एवं परम्परागत ज्ञान, सीप र कलालाई संरक्षण, प्रवर्द्धन र विस्तार गर्ने ।** | | | | | | | | | | | | | | |
| बाँस तथा बेत सम्बन्धी समुदायमा आधारित विभिन्न ज्ञान, सीप, प्रविधिको अभिलेखीकरण गर्ने । | ज्ञान, सीप, प्रविधिको अभिलेखीकरण भएको हुने | | | | | | | | | | | ७० | सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहहरु | वन तथा वातावरण मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका निकायहरु |
| बाँस तथा बेत सम्बन्धी | विभिन्न सीपमुलक | | | | | | | | | | | ७०० | सम्बन्धित प्रदेश | वन तथा वातावरण |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय ज्ञान, सीप र कलाको संरक्षण तथा प्रवर्द्धनमा लगानी अभिवृद्धि गर्ने । | तालिम तथा प्रदर्शनीको आयोजना भएको हुने | | | | | | | | | | | | मन्त्रालय तथा स्थानीय तहहरु | मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| बाँस तथा बेत सम्बन्धी स्थानीय र परम्परागत ज्ञानका अभिवृद्धिका लागि स्थानीय स्रोतव्यक्तिको विकास र क्षमता अभिवृद्धि गर्ने । | स्वदेशी तथा विदेशी ज्ञान अभिवृद्धि कार्यक्रममा सहभागी भएको हुने | | | | | | | | | | | १०० | सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहहरु | वन तथा वातावरण मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| बाँस तथा बेतका परम्परागत उत्पादनको प्रवर्द्धन गर्न स्थानीय तथा राष्ट्रिय संग्रहालय स्थापना तथा सञ्चालन गर्ने । | स्थानीय तथा राष्ट्रिय संग्रहालय स्थापना भएको हुने | | | | | | | | | | | ४०० | उद्योग विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु | वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सबै प्रदेश मन्त्रालयहरु |
| पकेट क्षेत्र पहिचान गरी महिला, दलित लगायतका सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका विभिन्न वर्ग वा समुदायको बाँस तथा बेतमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन गर्ने । | पकेट क्षेत्र पहिचान तथा बेतमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन भएको हुने | | | | | | | | | | | ३०० | वन तथा वातावरण मन्त्रालय तथा सबै प्रदेश मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| पकेट क्षेत्रमा महिला, दलित लगायतका सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका विभिन्न वर्ग वा समुदायको लागि प्रशोधन तथा उत्पादन गर्न आवश्यक पर्ने तालिम लगायतका प्राविधिक सेवा प्रदान गर्ने । | लक्षित समूहलाई तालिम तथा प्राविधिक सेवा प्रदान भएको हुने | | | | | | | | | | | ६० | वन तथा वातावरण मन्त्रालय तथा सबै प्रदेश मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा महिला, बालबलिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| स्थानीय जीविकोपार्जन सुधारका लागि बाँस तथा बेतको उपयोग तथा बजार | बजार विविधिकरण भएको हुने | | | | | | | | | | | १०० | वन तथा वातावरण मन्त्रालय तथा सबै | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वाणिज्य आपूर्ति तथा |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विविधिकरणका कार्य गर्ने । | | | | | | | | | | | | प्रदेश मन्त्रालयहरु | उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| देशका विभिन्न स्थानमा ठाउँ सुहाउँदो बाँस तथा बेतको प्रदर्शनी प्लट राख्ने व्यवस्था मिलाइने । | ७ वटा प्रदर्शनी प्लट स्थापना गरिएको हुने | | | | | | | | | | १४० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा सम्बन्धित प्रदेश मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| **रणनीति ४: बाँस तथा बेतजन्य सामग्रीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक बनाउन आवश्यक प्रविधि एवं पूर्वाधार तथा प्राविधिक ज्ञान र सीपयुक्त जनशक्ति विकास गर्ने ।** | | | | | | | | | | | | | |
| परम्परागत तथा आधुनिक बाँस तथा बेतजन्य हस्तकला र औद्योगिक सामग्रीको निर्माण तथा प्रवर्द्धन गर्ने । | प्रविधि र ज्ञानको विकास भएको हुने | | | | | | | | | | ८० | वन तथा वातावरण मन्त्रालय तथा सबै प्रदेश मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| बन्द भएका र रुग्ण अवस्थाका बाँस तथा बेतजन्य उद्योगहरु पहिचान गरी पुनःसञ्चालन गर्ने । | बाँस तथा बेतजन्य उद्योगहरु सञ्चालन भएको हुने | | | | | | | | | | ५०० | उद्योग विभाग प्रदेश मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| बाँस तथा बेतजन्य सामग्रीको उत्पादन एवं प्रविधि विकास गर्न विदेशबाट औजार | मेसिन र जनशक्ति आयात कार्यलाई सहजीकरण गर्ने | | | | | | | | | | ५०० | अर्थ मन्त्रालय तथा उद्योग विभाग | वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका निकायहरु |
| स्थानीयस्तरमा प्रविधियुक्त जनशक्ति तयार गर्ने । बाँस तथा बेतमा आधारित वस्तुको पहिचान, उत्पादन, प्रविधि विकास, सीप एवं उद्यमशीलता | स्थानीय स्तरमा प्राविधिक क्षमता अभिबृद्धि भएको हुने | | | | | | | | | | १४० | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, वन अनुसन्धान तथा प्रशिक्षण | उद्योग विभाग सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहहरु |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विकास र संलग्न कालिगढको क्षमता अभिवृद्धि गर्ने । | | | | | | | | | | | | | केन्द्र | |
| बाँस तथा बेतका स्थानीय उद्योग धन्दा स्थापना र सञ्चालनमा जोड दिइने । | प्रत्येक पकेट क्षेत्रमा एक एक वटा बाँस तथा बेतजन्य घरेलु उद्योग स्थापना भएको हुने | | | | | | | | | | | ५०० | उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु | स्थानीय तहहरु, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वन तथा वातावरण मन्त्रालय तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु |
| विद्यालयस्तरको शिक्षामा बाँस तथा बेतको महत्व एवं उपयोगिता झल्काउने पाठ्यक्रमको विकासमा सहयोग गर्ने । | बाँस तथा बेतको महत्व एवं उपयोगिता झल्काउने पाठ्यक्रमको विकास भएको हुने | | | | | | | | | | | ३० | शिक्षा तथा बिज्ञान प्रविधि मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| प्राविधिक क्षमता अभिवृद्धि, नयाँ वस्तुहरुको विकास, प्रविधि परीक्षण, स्तर निर्धारण र सीपमूलक तालिम सञ्चालनको लागि तालिम प्रदायक संस्थासँग समन्वय र सहकार्य गर्ने । | विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य भएको हुने | | | | | | | | | | | १२० | शिक्षा तथा बिज्ञान प्रविधि मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| **रणनीति ५: बाँस तथा बेतजन्य सामग्रीको गुणस्तर वृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने ।** | | | | | | | | | | | | | | |
| बाँस तथा बेतसँग सम्बन्धित परम्परागत र नवीन प्रविधि, कला, सीप र डिजाइनको मौलिक अधिकार सुरक्षित गर्ने । | ज्ञान र प्रविधि सम्बन्धी मौलिक अधिकार सुरक्षित भएको हुने | | | | | | | | | | | ३० | वन तथा वातावरण मन्त्रालय तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| बाँस तथा बेतका गुणस्तरयुक्त सामग्री सामूहिक रुपमा उत्पादन गर्न डिजाइनर तथा कालिगढका लागि | बाँस तथा बेत्को केन्द्रीय उद्योग स्थापना भएको हुने | | | | | | | | | | | २०० | स्थानीय तहहरु, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, | वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आवश्यकतानुसार देशका विभिन्न स्थानमा साझा सुविधा केन्द्र स्थापना गर्न प्रोत्साहित गर्ने । | | | | | | | | | | | | | घरेलु तथा साना उद्योग कार्यालयहरु | सम्बन्धित प्रादेशिक मन्त्रालयहरु |
| हस्तकला, घरेलु प्रयोजनमा आउने सामग्री र विदेश पैठारी गर्न सकिने परम्परागत हस्तकलाको पहिचान, स्तरोन्नति र मूल्य अभिवृद्धि गरी प्रवर्द्धन गर्ने । | परम्परागत हस्तकलाको पहिचान, स्तरोन्नति भइ मूल्य अभिवृद्धि भएको हुने | | | | | | | | | | | ५० | वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | अर्थ मन्त्रालय |
| हस्तकला, घरेलु प्रयोजनमा आउने सामग्री र विदेश पैठारी गर्न सकिने परम्परागत हस्तकलाको पहिचान, स्तरोन्नति र मूल्य अभिवृद्धि गरी प्रवर्द्धन गर्ने । | परम्परागत हस्तकलाको पहिचान, स्तरोन्नति भइ मूल्य अभिवृद्धि भएको हुने | | | | | | | | | | | ८० | वन तथा वातावरण मन्त्रालय तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | स्थानीय तहहरु, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| भूकम्प प्रतिरोधात्मक र अग्निरोधक बाँसका घर बनाउने प्रविधिको विकास र विस्तार गर्न प्रोत्साहन गर्ने । | बाँसको प्रयोगबाट घर बनाउने परिवारलाई अनुदानको कार्यक्रम संचालन गरिएको हुने | | | | | | | | | | | १४० | वन तथा वातावरण मन्त्रालय तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | स्थानीय तहहरु, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| बाँस तथा बेतजन्य सामग्रीहरुलाई आन्तरिक तथा बाह्य बजारमा प्रतिस्पर्धी बनाउनको लागि आवश्यक पर्ने प्रारम्भिक प्रशोधन स्थानीयस्तरमा गर्न । | गुणस्तर नापजाँच प्रयोगशाला तयार गरिएको हुने | | | | | | | | | | | १०० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | बन तथा वातावरण मन्त्रालय, स्थानीय तहहरु, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाँस तथा बेत उत्पादन हुने वन तथा आवादी क्षेत्र र उत्पादित वस्तुको प्रमाणीकरण गरी अन्तर्राष्ट्रिय बजारीकरण कार्यलाई सरलीकृत गर्ने । | प्रत्येक प्रदेशमा १/१ ओटा सरकारी संकलन डिपो स्थापना गरिएको हुने | | | | | | | | | | | ३५० | वन तथा वातावरण तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| बाँस तथा बेतजन्य उत्पादनको प्रदर्शनी र बजार मेलाको आयोजना गर्न प्रोत्साहन गर्ने । अन्तर्राष्ट्रियस्तरमा हुने बाँस तथा बेतजन्य उत्पादनको प्रदर्शनी र बजारमेलामा सहभागी हुने । | बाँस तथा बेतजन्य उत्पादनको प्रदर्शनी र बजारमेलामा सहभागी भएको हुने | | | | | | | | | | | ८० | वन तथा वातावरण तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | अर्थ मन्त्रालय तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| बाँस तथा बेतजन्य सामग्रीको बजारीकरण प्रक्रियालाई सरलीकृत गर्न । | बजार सुनिश्चितता भएको हुने | | | | | | | | | | | ८० | वन तथा वातावरण तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| बाँस तथा बेतका उत्पादन, बजार तथा मूल्यसम्बन्धी जानकारी तथा सूचना जारी गर्ने तथा आदान प्रदान गर्ने । | अन्तर्राष्ट्रिय बजारको मूल्यसंग एकरुपता भएको हुने | | | | | | | | | | | २० | वन तथा वातावरण कृषि तथा पशुपन्छी विकास मन्त्रालय, तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| बाँस तथा बेतजन्य सामग्री उत्पादन र खेती विस्तारमा लागेका समुदायलाई सहकारीको माध्यमबाट समेटी व्यापार प्रवर्द्धनमा प्रोत्साहित गर्ने । | उत्पादन र खेती विस्तारमा लागेका समुदाय प्रोत्साहित भएको हुने | | | | | | | | | | | ५० | वन तथा वातावरण कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | स्थानीय तहहरु, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| बाँस तथा बेतका सामानहरुको | बजार व्यवस्थापन | | | | | | | | | | | १४० | सम्बन्धित | वन तथा वातावरण |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गठित बजारको व्यवस्था मिलाइने । विभिन्न सहरको उपयुक्त स्थानमा बाँस तथा बेतका सामानको छुट्टै बजारको व्यवस्था गर्ने । | भएको हुने | | | | | | | | | | | | प्रादेशिक मन्त्रालयहरु, स्थानीय तहहरु, घरेलु तथा साना उद्योग कार्यालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, |
| अन्तर्राष्ट्रिय बजारलाई समेत ध्यानमा राखी गुणस्तरीय र समय सापेक्ष डिजाइनयुक्त सामान बनाउन सम्बन्धित संस्थाबाट वृहत् रुपमा तालिम दिने व्यवस्था मिलाइनेछ । बाँस तथा बेतका सामानको प्रयोगमा जनचेतना फैलाउन विभिन्न माध्यमबाट व्यापक रुपमा प्रचार प्रसार गर्ने । | बाँस तथा बेतको महत्वबारे स्थानीय स्तरमा सचेतना अभिबृद्धि भएको हुने | | | | | | | | | | | ५० | वन तथा वातावरण मन्त्रालय सम्बन्धित प्रादेशिक मन्त्रालयहरु | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्थानीय तहहरु, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| **रणनीति ६: निजी तथा सहकारी क्षेत्रलाई आकर्षण गरी बाँस र बेत क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने ।** | | | | | | | | | | | | | | |
| बाँस तथा बेत प्रशोधनका लागि उपयुक्त प्रविधिहरुको विकास र विस्तार गर्न निजी तथा सरकारी, गैरसरकारी, सहकारी तथा निजी कम्पनीलाई प्रोत्साहित गर्ने । | विदेशी तथा स्वदेशी लगानी भएका उद्योगहरु स्थापनामा भएको हुने | | | | | | | | | | | ३० | वन तथा वातावरण मन्त्रालय तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेश मन्त्रालयहरु, स्थानीय तहहरु, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरु |
| बाँस तथा बेतको विकास र प्रवर्द्धनका लागि विदेशी लगानी एवं प्रविधि ल्याउन प्रोत्साहित गर्ने । | आधुनिक प्रविधिको विकास भएको हुने | | | | | | | | | | | ५० | वन तथा वातावरण मन्त्रालय तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेश मन्त्रालयहरु, स्थानीय तहहरु, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग घरेलु तथा साना उद्योग कार्यालयहरु |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निजी, समुदाय वा सहकारीले लगाएका बाँस तथा बेत खेतीबाट प्राप्त हुने कच्चापदार्थको लागि खरिद गर्ने । | कच्चापदार्थको बजार सुनिश्चितता भएको हुने | | | | | | | | | | | ५० | प्रदेश मन्त्रालयहरु, स्थानीय तहहरु, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग घरेलु तथा साना उद्योग कार्यालयहरु | वन तथा वातावरण मन्त्रालय तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| बाँस तथा बेतको प्रशोधन, उपयुक्त प्रविधि एवं दक्ष जनशक्तिको विकास तथा उद्यम सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका साथै निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने । | बाँस तथा बेतको प्रशोधन, उपयुक्त प्रविधि एवं दक्ष जनशक्तिको विकास तथा उद्यम सञ्चालन भएको हुने | | | | | | | | | | | ३० | वन तथा वातावरण मन्त्रालय तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहहरु |
| समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरु जस्तै सामुदायिक वन, साझेदारी वन, कबुलियति वन, धार्मिक वन लगायत निजी वन आदिमा यसको वृक्षारोपण, व्यवस्थापन र दिगो उपयोगमा समुदायलाई सहभागी गर्ने । | विभिन्न समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुको संलग्नतामा बाँस तथा बेतको दिगो व्यवस्थापन भएको हुने | | | | | | | | | | | ८० | वन तथा वातावरण मन्त्रालय तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहहरु |
| बाँस तथा बेत क्षेत्रमा संलग्नहरुको लागि सहकारी, सञ्जाल, सङ्गठन आदिको व्यवस्था गर्ने । | बाँस तथा बेत विकास संजाल तयार भएको हुने | | | | | | | | | | | २० | वन तथा वातावरण मन्त्रालय तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहहरु |

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :- ०८१।८२

चलानी नं. :- ४१६

प्राप्त पत्र संख्या र मितिः-

२०८१/११/११

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र,
ववरमहल, काठमाण्डौ ।

विषय: राष्ट्रिय बाँस तथा बेत विकास रणनिति, २०८१ स्वीकृति सम्वन्धमा

उपर्युक्त विषयमा "**राष्ट्रिय बाँस तथा बेत विकास रणनिति, २०८१**" नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रिस्तर) को मिति २०८१/११/११ को निर्णयवाट स्वीकृत भएको व्यहोरा अनुरोध छ।

११।११

दीपा वली
उपसचिव (प्रा.)





नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौं